# टीकापुर नगरपालिकाको ४६औं कार्यपालिका बैठक
(मिति २०७६ फल्गुण २४ गते)

**निर्णय नं. १ (क)** :-संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई -मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाई, सिंहदरवार, काठमाडौंको मिति २०७६ माघ २८ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको आगामी आ.व. २०७७/०७८ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको योजना छनौट गरी स्वीकृतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई - मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाई, सिंहद्वरवार, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

## तपसिल :

| क्र.सं. | योजनाको नाम | योजना स्थल | तराई मधेश समृद्धि कार्यक्रम | न.पा लागत साझेदारी | कुल जम्मा योजना लागत |
|---|---|---|---|---|---|
| १ | सामुहिक आवास कार्यक्रम | वडा नं. १, मूक्त कमैया शिवीर, शक्तिनगर | १,८०,००,०००। | २०,००,०००। | २,००,००,०००। |

**ख**) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , तराई–मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाई सिंहदरवार को मिति २०७६ माघ २८ मा प्रकाशिसत सूचना तथा उक्त इकाईको प.स. २०७६/०७७, च.नं.२९८, मिति २०७६/११/२० को पाराम्पारिक पेशा प्रवर्द्धनात्मक एवं आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रमको सम्बन्धमा प्रस्ताव पेश गर्ने पत्र बमोजिम यस नगरपालिकामा तपसिल बमोजिमको योजना छनौट गरी स्वीकृतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई -मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाई, सिंहदरवार, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **योजना स्थल** | **तराई मधेश समृद्धि कार्यक्रम** | **न.पा लागत साझेदारी** | **कुल जम्मा योजना लागत** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | केराको थामबाट कागज उत्पादन तथा कागजका सामाग्री तयारीका लागि आवश्यक तालिम तथा सामाग्री हस्तान्तरण | वडा नं. ७, टी.न.पा | ९,००,०००। | १,००,०००। | १०,०० ,०००। | अनुसूचिमा उल्लेखित थारु जाती, द्वन्द्व पिडित एकता महिला समूहका लागि |

टीकापुर नगरपालिका कैलाली

प्रमुख

**निर्णय नं. २ :** यस नगरपालिकाको नगर बृहत योजनाको मस्यौदा प्राप्त हुन आएकोमा उक्त मस्यौदा उपर छलफल गरियो उक्त मस्यौदा उपर नागरिकस्तरको राय सुझाव संकलनका लागि टीकापुर नगरपालिका, विस्तृत योजना तर्जुमा सम्बन्धि कार्यविधि,२०७६ को परिच्छेद–२, योजना तर्जुमा अन्तर्गत दफा ७ (ण) मा भएको व्यवस्था बमोजिम एकीकृत योजनाको खाकालाई वडास्तरीय नागरिक कार्यदल तथा नगरस्तरीय नागरिक सल्लाहकार परिषदमा पठाउने साथै खुला रुपमा यस नगरपालिकाको वेवसाईड मार्फत प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** जिल्ला समन्वय समितिको कार्यालय, धनगढी कैलालीको प.स.२०७६/०७७ , च.नं.२२५ , मिति २०७६/१०/१२ को पत्रानुसार यस नगरपालिकाका तपसिल बमोजिमका क्षेत्रहरुमा सिमाना विवाद रहेको हुँदा सिमाना एकिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | टी.न.पा.को विवाद रहेको सम्बन्धित वडा/क्षेत्र | विवाद रहेको स्थानीय तह/क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | टी.न.पा. वडा नं. १ को विपतपुर, राजीपुर,भगरैया | कैलाली जिल्ला,जानकी गाउँपालिका | सामुदायिक बनको क्षेत्र |
| २ | टी.न.पा. वडा नं २ सनकट्टी | बर्दिया जिल्लाको गेरुवा गाउपालिका र राजापुर नगरपालिका सिमाना | नदि रहेको सिमाना |
| | विजयनगर देखि लायकपुरको सिमाना , | कैलाली जिल्ला, जानकी गाउंपालिका | कैलाशेश्वर सामुदायिक वन संग |
| ३ | वडा नं. ३ शंकरपुर केदारेश्वर प्रा.विको नजिकको बाटो | कैलाली जिल्ला, जानकी गाउंपालिका | सडक सिमाना |
| ४ | वडा नं. ५ को पन्चकी क्षेत्र | बर्दिया जिल्लाको राजापुर नगरपालिका सिमाना | नदि रहेको सिमाना |
| ५ | वडा नं. ६ को भर्तापुर, विपी निकुन्ज सामुदायिक वन | कैलाली जिल्ला, भजनी नगरपालिकाको वडा नं. ८, जनकपुर | |
| ६ | वडा नं. ७ को ढुंगाना टोल, सोनाफाटा, | कैलाली जिल्ला,भजनी नगरपालिका | |
| | सत्ती सामुदायिक बन | बर्दिया जिल्ला, राजापुर नगरपालिका | |
| ७ | वडा नं. ८ को श्रीलंका र सत्ती पुल नजिकको क्षेत्र | बर्दिया जिल्ला, राजापुर नगरपालिका | सिमाना विवाद |

टीकापुर नगरपालिका टीकापुर, कैलाली

**निर्णय नं. ४ :** यस नगरपालिकाका कार्यपालिका सदस्य तथा नगरसभा सदस्यहरुले स्वास्थ्यउपचारको लागि आर्थिक सहयोग माग गरी नगरपालिकामा निवेदन पेश गर्नुभएकोमा स्वास्थ्य उपचारका लागि आथिर्क सहयोग सम्बन्धि मापदण्ड तयार पारी आगामी कार्यपालिका बैठकमा पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क.सं | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री दिर्घ बहादुर ठकुल्ला | संयोजक | संयोजक,सामाजिक विकास समिति |
| २ | श्री रमेश बहादुर वि.क | सदस्य | संयोजक, आर्थिक विकास समिति |
| ३ | श्री अक्कल बहादुर माझी | सदस्य | संयोजक, विधायन समिति |
| ४ | श्री बल बहादुर रावल | सदस्य सचिव | जनस्वास्थ्य प्रबर्द्धन शाखा |

**निर्णय नं. ५ :** छिमेकी मित्र राष्ट्र चीन हुँदै विश्वभर संक्रमण फैलिरहेको Corona Virus (Covid-19) बाट नेपाल समेत संक्रमणको उच्च जोखिममा रहेको र यसको संभावित संक्रमणको जोखिमबाट सतर्कता अपानाउन भीडभाडमा नजान तथा सभा, सम्मेलन, भेला, महोत्सव जस्ता कार्यक्रमहरु नगर्न सबैमा अनुरोध गर्ने साथै आवश्यक पूर्व तयारीहरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** आ.व. ०७६/०७७ का लागि तराई मधेश समृद्ध कार्यक्रम तथा नगरपालिकाको लागत साझेदारीमा यस नगरपालिकाको वडा नं. ७ कुन्तीटोल स्थित दलित बस्तीमा संचालन हुने गरी स्वीकृत सामुहिक आवास कार्यक्रमको ठेक्का प्रक्रियाबाट बचत हुन आएको रकम मध्ये बाट रु. २०,००,०००। (वीस लाख) बाट सोहि वस्तीमा यस अघी नसमेटिएका परिवारहरुका लागि थप आवासिय घरहरु निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६/११/२१ गते प्रकाशित स्वास्थ्य साझेदारी सम्बन्धि कार्यक्रम संचालन गर्नको लागि प्रस्ताव माग गरिएको सम्बन्धमा यस नगरपालिकाबाट तपसिलका विषयमा प्राथमिकता निर्धारण गरी यस नगरपालिकाको ४०% (चालिस प्रतिशत) लागत साझेदारी रहने गरी कार्यक्रम संचालनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रलाय, नीति , योजना तथा अनुगमन महाशाखा रामशाह पथ काठमाडौंमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल :**

क) शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र स्थापना (वडा नं. १, ज्योती नगर)

ख) म स्वस्थ मेरो नगर स्वस्थ अभियान ( स्वस्थ जीवनशैली प्रबर्द्धन कार्यक्रम)

ग)विशेषज्ञ स्वास्थ्य शिविर संचालन

घ ) पाठेघर खस्ने रोग तथा स्त्रि रोग सम्बन्धि शिविर

ङ ) खुडे भएका ब्यक्तिहरुका लागि शिविर

च) सिकलसेल एनिमीया रोग सम्बन्धि स्वास्थ्य शिविर

**निर्णय नं. ८ :** गत आ.व.०७५/०७६ मा यस नगरपालिकाको वडा नं. ५ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य सेवा भवन निर्माण आयोजना, टीकापुर–५, कैलाली का लागि स्वास्थ्य सेवा निर्माण तथा सेवा संचालन कार्यविधि २०७५ मा व्यवस्था भए बमोजिम आयोजना स्वीकृत भएकोमा यस कार्यालयबाट आयोजना निर्माणका लागि २०७६/०२/२१ गते बोलपत्र आह्वान भई सके पश्चात सोहि वडामा जिल्ला समन्वय समिति मौज्दात कोष संचालन निर्देशिका तथा जिल्ला सभाको मार्गनिर्देशन अनुसार शहरी स्वास्थ्य केन्द्र भवन निर्माण आयोजना स्वीकृत भई आएकोमा योजना कार्यान्वयनमा दोहोरोपना पर्ने भएकोले वडा नं. १ मा शहरी स्वास्थ्य केन्द्र स्थापना नभएको हुँदा उक्त जिल्ला समन्वय समितिबाट स्वीकृत योजनाको स्थान परिवर्तन गरी कार्यान्वयन गर्ने सम्बन्धि कार्यपालिका कार्यालयको मिति २०७६/०६/०२ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नगरपालिकामा कार्यरत सवारी चालकहरुलाई सार्वजनिक विदाको दिनमा खटिई कार्य गर्नुपर्ने भएमा खाजा तथा खाना वापत प्रति ब्यक्ति प्रतिदिन रु. ३५०। (तीन सय पचास) का दरले चालु आ.व. ०७६/७७ का लागि अन्य भत्ता (२११३९) शिर्षकमा विनियोजित रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० :** नेपाल रेडक्रस सोसाईटी नारायणपुर उपशाखाको आतिथ्यतामा नेपाल रेडक्रस सोसाईटी कैलाली जिल्ला शाखाको ४३ औं जिल्ला सभा नेपाल पर्यटन वर्ष (भ्रमण वर्ष २०२०) को अवसर पारी टीकापुर नगरपालिका वडा नं. ६ स्थित श्री वि.पि. निकुन्ज सामुदायिक वन उपभोक्ता समितिको बनभोज स्थलमा कार्यक्रम संचालन गर्ने भएको र उक्त कार्यक्रम संचालनका लागि आर्थिक रकम उपलब्ध गराईदिनुहुन भनी च.नं.१४/०७६/७७, मिति २०७६/१०/०५ बाट अनुरोध भई आएकोमा कार्यक्रम संचालनको आर्थिक ब्यवस्थापनका लागि चालु आ.व. ०७६/०७७ का लागि भैपरि चालु शिर्षकमा विनियोजित बजेटबाट रु.३०,०००।(तीस हजार).उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :** यस टीकपुर नगरपालिका क्षेत्रभित्र वातावरणिय दृष्टिकोणका साथै नगरको सौन्दर्यता अभिबृद्धि गर्न र अतिक्रमण बाट समेत सुरक्षित राख्नका लागि अतिनै महत्वपूर्ण मानिएको तपसिल बमोजिमको आयोजना स्वीकृत गरी कार्यान्वयनका लागि रानी, जमरा, कुलरिया सिंचाई परियोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | आयोजनाको नाम | आयोजना स्थल | कैफियत |
|---|---|---|---|
| १ | बजार क्षेत्र भित्र रहेको जमरा नाला र ज्ञानी कूलोमा पक्कि स्टेप सहितको लाईनिङ्ग सहित तटबन्धन | टी.न.पा. वडा नं. १ स्थित जमरा नाला र ज्ञानी कुलो (ज्ञानी कुलोको मुहान देखि हिमालय मा.वि. पुछरी सम्म र बजार क्षेत्र भित्र रहेको ज्ञानी कुलो | |

टीकापुर नगरपालिका

नगर प्रमुख